अपिहिमाल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०७ संख्या : २७ मिति : २०८०/११/३०

भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश**

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अपिहिमाल गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः
२०८०।११।२९

**प्रस्तावना** : समाजमा बढ्दै गइरहेको लैङ्गिक हिंसा निवारणका लागि कोष स्थापना गर्न वान्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा अपिहिमाल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी देहयको कार्यविधि बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "अपिहिमाल गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष (संञ्चालन) कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "गाउँपालिका" भन्नाले अपिहिमाल गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले अपिहिमाल गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ । सो शब्दले गाउँपालिका अन्तरगतका वडाका अध्यक्ष समेतलाई जनाउँदछ ।

(घ) "उपाध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले अपिहिमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "कार्यालय" भन्नाले अपिहिमाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ । सो शब्दले वडा कार्यालय समेतलाई जनाउँदछ ।

(छ) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले दफा ८ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(झ) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ।

(ञ) "तत्काल उद्धार तथा राहत समिति" भन्नाले दफा ८ बमोजिमको तत्काल उद्धार तथा राहत समिति सम्झनु पर्दछ ।

(ट) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने मानसिक, शारीरिक तथा यौनजन्य दूर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लिङ्गका आधारमा हुने हिंसा सम्झनु पर्दछ ।

३. **कोषको स्थापना** : (१) गाउँपालिकामा लैङ्गिक हिंसा निवारण गर्न एक लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाको आफ्नै स्रोतको रकम,

(ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

४. **कोषको रकम जम्मा गर्ने** : गाउँपालिकाले लैङ्गिक हिंसामा परेको व्यक्तिहरुका हक हितको संरक्षणका लागि वार्षिक रुपमा तोकिए बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

५. **कोषको उपयोग** : (१) कोषको रकम देहाय बमोजिमको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ ।

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानूनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउँ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(च) पुन : स्थापना गराउन,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दूर्व्यसनमा फसेको वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **<u>कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने</u>** : कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल उद्धार तथा राहत समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

७. **<u>पीडितलाई रकम उपलब्ध गराउने</u>** : पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि तत्काल उद्धार तथा राहत समितिले गरेको निर्णयनुसार कार्यालयले रकम नियमानुसार उपलब्ध गराउनेछ ।

८. **<u>तत्काल उद्धार तथा राहत समितिको गठन</u>** : (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि गाउँपालिकामा तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) प्रमुख स्वास्थ्य शाखा -सदस्य

(घ) प्रमुख खण्डेश्वरी प्रहरी चौकी -सदस्य

(ङ) गाउँसभाका सदस्य मध्येबाट संयोजकले मनोनित गरेको दुईजना महिला सदस्य -सदस्य

(च) गाउँपालिकास्तरका लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट समितिले तोकेको संस्थाको एकजना प्रतिनिधि -सदस्य

(छ) महिला बालबालिका तथा समाज कल्याण इकाई -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) तत्काल उद्धार तथा राहत समितिको सचिवालय गाउँपालिकाको महिला बालबालिका तथा समाज कल्याण इकाईमा रहनेछ ।

(५) उपदफा (२) बमोजिम समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>**तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार**</u> : तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउन,

(ग) गाउँपालिकामा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

१० <u>**राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार**</u> : (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत र बास बस्नु पर्ने भए सो वाफत छुट्टै रकम दिने,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नु पर्ने भएमा अस्पतालमा आउदाजादा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च र उपचार खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च समेत उपलब्ध गराउने,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि बीउ पूँजीको रुपमा बस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बीस हजार रुपैयाँ,

(ङ) पुनः स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) तत्काल उद्धार तथा राहत समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,



अधिकृत गाउँपालिका

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ ।

११. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने** : (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित महिना बालबालिका तथा समाज कल्याण इकाईमा निवेदन दिनु पर्नेछ ।

१२. **तत्काल रकम उपलब्ध गराउन सक्ने** : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षेति हुने देखिएमा सञ्चालक समितिको संयोजकले सो प्रयोजनको लागि कोषबाट दश हजार रुपैयाँ नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

१३. **छुट्टै खाता खोल्नु पर्ने** : (१) गाउँपालिकाबाट प्राप्त भएको रकम गाउँपालिकाको सरकारी कारोबार गर्ने वाणिज्य बैंकमा रहेको विविध कोषको खातामा जम्मा गर्नु पर्नेछ।

(२) कोषको कारोवारको अभिलेख राख्नका लागि छुट्टै बजेट उपशीर्षकको व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१४. **कोषको लेखा र लेखापरीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

१५. **आवर्ति (रिभल्भीङ) कोष** : यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

१६. **प्रतिवेदन पेश गर्ने** : (१) तत्काल उद्धार तथा राहत समितिले प्रत्येक चौमासिकमा सो समितिबाट भए गरेका प्रतिवेदन कार्यपालिका सक्षम पेश गर्नुपर्नेछ ।

(२) कार्यालयले बार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

१७. **बैठक भत्ता** : सञ्चालक समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वाफत कार्यापालिकाले तोके बमोजिमको बैठक भत्ता वाफत पाउनेछन् ।

१८. **निर्देशन दिन सक्ने** : कार्यपालिकाले तत्काल उद्धार तथा राहत समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१९. **<u>संशोधन तथा बाधा अडकाउ फुकाउ</u>** : (१) यस कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन र खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिको उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउ आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

२०. **<u>यस कार्यविधि बमोजिम हुने</u>** : (१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा संविधान, संघीय कानून, प्रदेश कानून र गाउँपालिकाको अन्य ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर वा खारेजी हुनेछ ।

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत